# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, पुस १ गते २०३७ साल [ अतिरिक्ताङ्क ५२


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिम नेपालको संविधानको तेस्रो संशोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्**

## शाही घोषणा

नेपालको संविधानमा संशोधन गर्न वान्छनीय भएकोले हामी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ८२ अनुसार विशेष समितिको परामर्श लिइबक्सी यो संशोधन जारी गरिबक्सेका छौं।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो संशोधनलाई "नेपालको संविधान (तेस्रो संशोधन), २०३७" भनिनेछ ।

(२) यो संशोधनको धारा ६, ८, ९, १०, १५, १८, १९ र २० श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि र अन्य धाराहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **नेपालको संविधानको धारा ३ र ८ मा संशोधनः** नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा ३ मा रहेको "राज्य" भन्ने शब्दको सट्टा "अधिराज्य" भन्ने शब्द राखी धारा ८ को उपधारा (२) को खण्ड (ग) पछि रहेको "र" भन्ने शब्द झिकी खण्ड (घ) मा रहेको "नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नीमानिसको हकमा कम्तीमा पाँच वर्ष" भन्ने शब्दहरूको सट्टा "नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी नारीको हकमा निजले सो विदेशको नागरिकता त्यागेपछि" भन्ने शब्दहरू राखी खण्ड (घ) पछि "र" भन्ने शब्द राखी त्यसपछि निम्नलिखित खण्ड (ङ) थपिएको छः–

"(ङ) खण्ड (क), (ख) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिले नेपाली नागरिकताको लागि आवेदन गरेको वा खण्ड (क), (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने ।"

३. **संविधानको धारा ९ मा संशोधनः** संविधानको धारा ९ को सट्टा निम्नलिखित धारा ९ राखिएको छः–

"९. **नागरिकहरूको मूल कर्तव्यः** देहाय बमोजिम गर्नु प्रत्येक नागरिकको मूल कर्तव्य होः–

(क) नेपाल अधिराज्यप्रति आस्था र वफादारी राख्नु;

(ख) कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरूको हकको हनन नहुने गरी गर्नु;

(ग) संविधान बमोजिमको व्यवस्था पालन गर्नु; र

(घ) नेपालको सार्वभौमसत्ता, अखण्डता र एकतामा खलल पर्ने गरी जात, जाति, क्षेत्र, सम्प्रदाय, वर्ग, धर्म वा त्यस्तै प्रकारका


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य आधारमा घृणा, द्वेष, अवहेलना, हिंसात्मक कार्य वा सार्वजनिक वा व्यक्तिगत सम्पत्तिको हानी नोक्सानी हुने कार्य नगरी समाजमा सामन्जस्य कायम गर्नु ।"

४. **धारा १७ मा संशोधनः** संविधानको धारा १७ को उपधारा (२) को खण्ड (ज) मा रहेको "र" भन्ने शब्द र खण्ड (झ) को पूर्ण विराम चिन्ह झिकी खण्ड (झ) को अन्त्यमा अर्ध विराम चिन्ह सहित उक्त "र" शब्द राखी निम्नलिखित खण्ड (ञ) थपिएको छः–

"(ञ) मौलिक कर्तव्य पालना गराउन ।"

५. **संविधानको धारा १९ मा संशोधनः** संविधानको धारा १९ को उपधारा (३) र (४) को सट्टा निम्नलिखित उपधारा (३) र (४) राखी त्यसपछि उपधारा (५) र (६) थपिएको छः–

"(३) उपधारा (१) मा उल्लिखित समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका वाधाहरू हटाई सामन्जस्यपूर्ण नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु तथा परापूर्वकालदेखि नेपालको समृद्धि तथा वैभव र राष्ट्रिय चरित्रको रूपमा नेपाली नागरिकले अवलम्बन गरी आएको नेपालको संस्कृति र परम्परागत मान्यताप्रति रही आएको पारस्परिक सुमधुर सहिष्णुतालाई कदर गर्दै राष्ट्रिय एकता कायम गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ ।

(४) उपधारा (१) मा उल्लिखित समाजको सृजना गर्ने काममा देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि वर्ग वा व्यक्तिद्वारा अन्य कुनै वर्ग वा व्यक्तिमा अनुचित आर्थिक दबाव हुन नदिने गर्न र नेपाली जन-जीवनका सबै क्षेत्रबाट निजी उद्योगको रूपमा लगानी गर्न प्रोत्साहन दिई साझा संस्थाहरूलाई नेपालको उद्योग तथा व्यापार नीतिको आधारशिलाको रूपमा स्थापना गर्न त्यस्ता साझा संस्थाहरूलाई सर्वसाधारण जनताको उद्योग व्यवसायको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रूपमा विकसित गराई आर्थिक लाभ र सुविधा उपभोग गर्न पाउने गरी प्रोत्साहन दिने व्यवस्था समेत गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ ।

(५) नेपालको प्राकृतिक स्रोत तथा सम्पदालाई उपयोगी र लाभदायी हुने गरी तिनको न्यायोचित रूपमा परिचालन गरी समान अवसरको आधारमा नेपाल अधिराज्यका विभिन्न क्षेत्र बीच सन्तुलित विकास गर्ने प्रयास गरी सबै क्षेत्रका जनतालाई समान स्थितिमा ल्याउन उचित सुविधाहरू प्रदान गर्ने प्रयास गरी नेपाली ग्रामीण जनताको आधारभूत आवश्यकता पूरा गर्ने हेतुले आर्थिक विकासलाई अघि बढाउन जोड दिनु पञ्चायत प्रणालीको विकासको लक्ष्य हुनेछ ।

(६) संयुक्त राष्ट्र संघको मूलभूत मान्यता तथा असंलग्नताको सिद्धान्तलाई अवलम्बन गरी नेपाललाई शान्तिक्षेत्र बनाउने प्रयास गर्नु पञ्चायत प्रणालीको परराष्ट्र नीतिको लक्ष्य हुनेछ ।"

६. **संविधानको धारा २०क. थपः** संविधानको धारा २० पछि निम्नलिखित धारा २०क. थपिएको छः–

"२०क. समन्वय परिषद्ः (१) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली-द्वारा सबै नेपालीलाई एकै सूत्रमा गाँसी देशको सुरक्षा, सुव्यवस्था, शान्ति र न्याय कायम गरी राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता तथा अखण्डताको संरक्षण गरी **श्री ५** को कार्यकारिणी, व्यवस्थापिका, न्याय सम्बन्धी तथा अन्य कार्यप्रणालीमा समन्वय कायम राख्न **श्री ५** बाट चाहिबक्सेमा एउटा समन्वय परिषद्को गठन गरिबक्सन सकिबक्सनेछ ।

(२) समन्वय परिषद्को गठन, काम, कर्तव्य र कार्य-प्रणाली समेत अन्य आवश्यक विषयमा **श्री ५** बाट स्वीकृत नियमावली बमोजिम हुनेछ र यो नियमावलीको पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन पाइनेछैन ।"

७. **संविधानको धारा २३ मा संशोधनः** संविधानको धारा २३ को उपधारा (२) र (३) को सट्टा निम्नलिखित उपधारा (२) र (३) राखिएको छः–

६६६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) राजसभामा देहायका व्यक्तिहरू रहनेछन्:—

(क) श्री ५ बाट तोकिबक्सेका राजपरिवारका सदस्य;
(ख) प्रधान मन्त्री पदेन सदस्य;
(ग) प्रधान न्यायाधीश पदेन सदस्य;
(घ) राष्ट्रिय पञ्चायतका अध्यक्ष पदेन सदस्य;
(ङ) उपप्रधान मन्त्री पदेन सदस्य;
(च) मन्त्रीहरू पदेन सदस्य;
(छ) बडागुरूज्यू पदेन सदस्य;
(ज) नायव बडागुरूज्यू पदेन सदस्य;
(झ) प्रधान सेनापति पदेन सदस्य;
(ञ) मुख्य साहेबज्यू पदेन सदस्य;
(ट) अख्तियार दुरुपयोग निवारण आयोगका प्रमुख आयुक्त पदेन सदस्य;
(ठ) महालेखा परीक्षक पदेन सदस्य;
(ड) लोक सेवा आयोगका अध्यक्ष पदेन सदस्य;
(ढ) प्रमुख निर्वाचन आयुक्त पदेन सदस्य;
(ण) महान्यायाधिवक्ता पदेन सदस्य;
(त) मूल पुरोहित पदेन सदस्य;
(थ) मुख्य चौतरिया पदेन सदस्य;
(द) श्री ५ बाट तोकिबक्सेका श्री ५ का कर्मचारी;
(ध) श्री ५ बाट तोकिबक्सेका श्री ५ को सरकारको मुख्य सचिव तथा सचिव; र
(न) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त गरेका वा राष्ट्रको विशेष सेवा गरेका व्यक्तिहरूमध्येबाट वा राजसभाका सदस्यताको निमित्त उपयुक्त सम्झिबक्सी श्री ५ बाट नियुक्त गरिबक्सेका अन्य सदस्य ।"

(३) उपधारा (२) को खण्ड (क), (द), (ध) र (न) बमोजिम नियुक्त भएका व्यक्ति श्री ५ को इच्छानुसारको अवधिसम्म सदस्य रहनेछन् ।"

८. **संविधानको धारा २५, २६, २६क. र २७ मा संशोधनः** संविधानको धारा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५, २६, २६क. र २७ को सट्टा निम्नलिखित धारा २५, २६, २६क. र २७ राखिएको छः–

"२५. मन्त्रिपरिषद्को गठन र कार्यः (१) श्री ५ का हजूरमा मौसूफको कार्य सम्पादनमा सहायता र सल्लाह टक्र्याउन एक मन्त्रिपरिषद् रहनेछ। यो संविधान, तत्काल प्रचलित अन्य कानून र श्री ५ बाट नेपाल र नेपालीको हितका लागि समय समयमा बक्सेको मार्ग-दर्शनका अधीनमा रही मुलुकको दैनिक प्रशासनमा निर्देशन र नियन्त्रण गर्नु मन्त्रिपरिषद्को कर्तव्य हुनेछ।

(२) मन्त्रिपरिषद्मा आवश्यकता अनुसार श्री ५ का प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरू रहनेछन्।

(३) श्री ५ बाट प्रधान मन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्-को गठन गरिबक्सनेछ।

२६. श्री ५ का मन्त्रीहरूः (१) राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य-संख्याको कम्तीमा पच्चीस प्रतिशत राष्ट्रिय पञ्चायतका सदस्यहरूले प्रस्ताव र समर्थन गरेको राष्ट्रिय पञ्चायतको कुनै सदस्य प्रधान मन्त्री पदको लागि उम्मेदवार हुन सक्नेछ। त्यस्तो उम्मेदवार एक जना मात्र भई निर्विरोध छानिएमा वा एकभन्दा बढी उम्मेदवार भएमा राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्यसंख्याको कम्तीमा साठी प्रतिशत वा सोभन्दा बढी बहुमतद्वारा निर्वाचित व्यक्तिलाई श्री ५ का हजूरमा प्रधान मन्त्री पदको लागि सिफारिश चढाउनु पर्नेछ। त्यसरी सिफारिश गरिएको व्यक्तिलाई मौसूफबाट प्रधान मन्त्रीको पदमा नियुक्त गरिबक्सनेछ।

तर–

(क) यो उपधारा बमोजिम निर्वाचन हुँदा दुई जना मात्र उम्मेदवार भई आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सो दुई जना वा दुईभन्दा बढी उम्मेदवार भई आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सोमध्ये बढी मत प्राप्त गर्ने पहिलो र दोस्रो वा अढी मत प्राप्त गरी मत बराबर हुने दुवै जना उम्मेदवारहरू-

६६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाई कायमै राखी अरू उम्मेदवारको नाम उम्मेदवारबाट हटाई पुनः निर्वाचन गर्नु पर्नेछ।

(ख) खण्ड (क) अनुसार पुनः निर्वाचन हुँदा पनि आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा **श्री ५** का हजूरमा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट तीन जना व्यक्तिको नाम मात्र प्रधान मन्त्री पदको लागि सिफारिश चढाउनु पर्नेछ। त्यस्तो सिफारिशमा एक जना व्यक्तिलाई प्रधान मन्त्री पदमा मौसूफबाट नियुक्त गरिबक्सन सकिबक्सनेछ।

(ग) यो उपधारा अनुसार गरिने निर्वाचनका सम्बन्धमा अन्य आवश्यक कुरा राष्ट्रिय पञ्चायत नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) **श्री ५** बाट प्रधान मन्त्रीको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट आवश्यकता अनुसार उपप्रधान मन्त्री र अन्य मन्त्रीहरू नियुक्त गरिबक्सन सकिबक्सनेछ।

(३) प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरू राष्ट्रिय पञ्चायतप्रति सामूहिक तथा व्यक्तिगत रूपमा आफ्नो मन्त्रालयको कामको लागि उत्तरदायी हुनेछन्।

(४) प्रधान मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्:–

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी निज उपर राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्यसंख्याको साठी प्रतिशत बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा; वा

(घ) **श्री ५** बाट हटाइबक्सेमा।

(५) उपप्रधान मन्त्री वा अन्य मन्त्री देहायको अवस्थामा आफ्नो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदबाट मुक्त हुनेछन्:–

(क) उपधारा (४) को खण्ड (ख), (ग) र (घ) मा लेखिएको अवस्थामा;

(ख) श्री ५ का हजूरमा प्रधान मन्त्री मार्फत् चढाएको लिखित राजीनामा स्वीकृत भएमा; वा

(ग) प्रधान मन्त्री आफ्नो पदबाट मुक्त भएको अवस्थामा।

२६ क. **श्री ५ का राज्य मन्त्री:** (१) श्री ५ बाट प्रधान मन्त्रीको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट आवश्यकतानुसार राज्य मन्त्रीहरू नियुक्त गरिबक्सन सकिबक्सनेछ।

(२) उपधारा (१) बमोजिम नियुक्त भएका राज्य मन्त्रीलाई मन्त्री सरह कार्यभार सह्याल्ने गरी कुनै मन्त्रालय वा कामको जिम्मा सुम्पन सकिनेछ र यस संविधान एवं अन्य कुनै पनि कानूनको प्रयोजनको निमित्त त्यस्तो राज्य मन्त्रीलाई मन्त्री सरह कार्यभार सह्यालेको मानिनेछ।

(३) राज्य मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्:–

(क) धारा २६ को उपधारा (४) को खण्ड (ख) र (घ) को अवस्थामा;

(ख) उपधारा (२) अनुसार मन्त्री सरह कार्यभार सह्याल्ने राज्य मन्त्रीको हकमा धारा २६ को उपधारा (४) को खण्ड (ग) को अवस्थामा;

(ग) श्री ५ का हजूरमा प्रधान मन्त्री मार्फत् चढाएको लिखित राजीनामा स्वीकृत भएमा; वा

(घ) प्रधान मन्त्री आफ्नो पदबाट मुक्त भएको अवस्थामा।

२७. **श्री ५ का सहायक मन्त्री:** (१) श्री ५ बाट मौसूफका प्रधान मन्त्री, उपप्रधान मन्त्री, मन्त्री वा राज्य मन्त्रीलाई कार्यभार संचालन गर्न आवश्यकता अनुसार सहायता दिनका निमित्त प्रधान मन्त्रीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट सहायक मन्त्रीहरू नियुक्त गरिबक्सन सकिबक्सनेछ ।

(२) सहायक मन्त्रीहरू देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्ः–

(क) धारा २६ को उपधारा (४) को खण्ड (ख) र (घ) को अवस्थामा;

(ख) **श्री ५** का हजूरमा प्रधान मन्त्री मार्फत् चढाएको लिखित राजीनामा स्वीकृत भएमा; वा

(ग) प्रधान मन्त्री आफ्नो पदबाट मुक्त भएको अवस्थामा ।"

९. **संविधानको धारा ३४, ३५, ३६, ३७, ३८, ३९ र ४० मा संशोधन तथा ४१ ख. थप**: संविधानको धारा ३४, ३५, ३६, ३७, ३८, ३९ र ४० को सट्टा निम्नलिखित धारा ३४, ३५, ३६, ३७, ३८, ३९ र ४० राखी धारा ४१क. पछि निम्नलिखित धारा ४१ख. थपिएको छः–

"३४. राष्ट्रिय पञ्चायतको गठनः (१) नेपालमा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सबभन्दा माथिल्लो पञ्चायतको तह राष्ट्रिय व्यवस्थापिकाको रूपमा एउटा राष्ट्रिय पञ्चायत रहनेछ, जसको गठन, काम, कर्तव्य र अधिकार यो संविधानमा लेखिए बमोजिम हुनेछ ।

(२) राष्ट्रिय पञ्चायतमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्ः–

(क) यो संविधानको अनुसूची ४ बमोजिम निर्वाचित सदस्यहरू;

(ख) खण्ड (क) बमोजिम निर्वाचित हुने सम्पूर्ण सदस्यसंख्याको चतुर्थांश **श्री ५** बाट मनोनीत गरिबक्सनेछ । त्यसरी मनोनीत गरिबक्सँदा **श्री ५** बाट चाहिबक्सेमा देहायका क्षेत्रबाट मनोनीत गरिबक्सनेछः–

१. राजनीतिक क्षेत्र;

२. वर्गीय संगठन;

६६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. बौद्धिक क्षेत्र;

४. नेपाली समाजका विभिन्न समुदाय ; र

५. श्री ५ बाट उपयुक्त सम्झिबक्सेका अन्य व्यक्ति ।

(३) उपधारा (२) को खण्ड (क) बमोजिम सदस्यहरूको निर्वाचन यो संविधानको अन्य भागमा व्यवस्था गरिएका कुराका अधीनमा रही बालिग मताधिकारका आधारमा कानूनमा व्यवस्था भए बमोजिम एकै पटक पाँच पाँच वर्षमा हुनेछ ।

(४) यो धारा प्रारम्भ हुँदा कायम रहेका राष्ट्रिय पञ्चायतका सदस्यहरूको पदावधि उपधारा (३) अनुसार हुने राष्ट्रिय पञ्चायतका सदस्यहरूको निर्वाचनको परिणाम घोषणा भएपछि स्वतः समाप्त हुनेछ ।

(५) एकभन्दा बढी सदस्य निर्वाचित हुने जिल्लाबाट निर्वाचनको प्रयोजनको लागि निर्वाचन क्षेत्र कायम गरिंदा एक जिल्लाबाट जतिसुकै सदस्यहरू निर्वाचित हुने भए तापनि सम्बन्धित जिल्ला भरिलाई नै एक निर्वाचन क्षेत्र कायम गरिनेछ ।

(६) एक्काईस वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम मतदान दिने अधिकार हुनेछ । त्यस्ता मतदाताले एक मात्र निर्वाचन क्षेत्रमा मतदान गर्न पाउनेछन् ।

(७) सम्बन्धित जिल्ला निर्वाचन क्षेत्रमा मतदान गर्न अधिकार पाएको कुनै पनि व्यक्ति धारा ३५ र प्रचलित कानूनका अधीनमा रही राष्ट्रिय पञ्चायतको सदस्यताको लागि उम्मेदवार हुन पाउनेछ ।

३५. **सदस्यको लागि योग्यताः** राष्ट्रिय पञ्चायतको सदस्य हुनको लागि कुनै पनि व्यक्ति–

(क) नेपालको नागरिक हुनु पर्दछ;

(ख) उमेर पच्चीस वर्ष पूरा भएको;

(ग) धारा ६७ क. को उपधारा (१) मा उल्लिखित कुनै एक वर्गीय संगठनको सदस्य हुनुपर्दछ;



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) राष्ट्रिय पञ्चायतको सदस्यताको लागि उम्मेदवार हुने दरखास्तमा निर्वाचन आयोगले तोके बमोजिमको ढाँचामा शपथ लिएको हुनुपर्दछ;

(ङ) धारा ३८ को उपधारा (२) अनुसार निष्काशित भएको हुनु हुँदैन;

(च) बहालवाला सरकारी कर्मचारी हुनु हुँदैन; र

(छ) कुनै कानूनले अयोग्य हुनु हुँदैन।

३६. **सदस्यहरूको अयोग्यतासम्बन्धी निर्णयः** राष्ट्रिय पञ्चायतको कुनै सदस्य धारा ३५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय सर्वोच्च अदालतको प्रधान न्यायाधीशले निर्वाचन आयोगसँग परामर्श गरी गर्नेछ।

३७. **सदस्यहरूको पदावधिः** (१) राष्ट्रिय पञ्चायतका सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ।

(२) यो धारा बमोजिम निर्वाचित सदस्यहरूको पदावधि गणना गर्दा पाँच वर्षको पदावधि ननघाई निर्वाचनको प्रत्येक पाँचौं वर्षको चैत्र मसान्तमा समाप्त भएको मानिनेछ।

(३) निर्वाचित वा मनोनीत सदस्यहरूको पदावधि निर्वाचन वा मनोनयन भएको मितिदेखि प्रारम्भ हुनेछ।

(४) कुनै कारणवश निर्धारित समयमा निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचन भए सरह सम्झी गणना गरिनेछ।

३८. **स्थानको रिक्तताः** (१) राष्ट्रिय पञ्चायतका सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछः–

(क) मृत्यु भएमा;

(ख) राष्ट्रिय पञ्चायतको अध्यक्षलाई लिखित सूचनाद्वारा

६०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजीनामा दिएमा;

(ग) धारा ३५ अनुसारको योग्यता नरहेमा;

(घ) राष्ट्रिय पञ्चायतको स्वीकृति नलिई लगातार एक महीनासम्म राष्ट्रिय पञ्चायतको बैठकमा अनुपस्थित रहेमा;

(ङ) धारा ३७ अनुसार पदावधि समाप्त भएमा; वा

(च) कानूनमा व्यवस्था भए बमोजिम प्रत्याह्वान गरिएमा ।

तर–

प्रधान मन्त्री, उपप्रधान मन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीको पदमा नियुक्त सदस्यलाई सो पदमा बहाल रहेको अवस्थामा एक वर्ष व्यतीत नभई प्रत्याह्वान गर्न सकिने छैन ।

(२) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेमा वा संविधान विपरीत काम गरेमा त्यस्तो सदस्य राष्ट्रिय पञ्चायतको पञ्चायत नीति तथा जाँचबुझ समितिले पारित गरेको प्रस्ताव राष्ट्रिय पञ्चायतमा पेश भई स्वीकृत भएमा पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावलीमा व्यवस्था भए अनुसार सचेत गराइने छ वा निलम्बित वा निष्काशित हुनेछ ।

तर–

त्यस्तो आरोप लागेको राष्ट्रिय पञ्चायतको सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त पञ्चायत नीति तथा जाँचबुझ समितिले मनासिव मौकाबाट वंचित गर्नेछैन ।

(३) राष्ट्रिय पञ्चायतको कुनै सदस्यको स्थान रिक्त हुन आएमा त्यस्को पूर्ति यथाशीघ्र गरिनेछ । जुन सदस्यको स्थान रिक्त भएको छ सो सदस्य निर्वाचित भएको भए निर्वाचनद्वारा र मनोनीत भए मनोनयनद्वारा पूर्ति गरिनेछ।

(४) राष्ट्रिय पञ्चायतको कुनै सदस्यको स्थान सो सदस्यको पदावधि समाप्त नहुँदैमा रिक्त हुन गयो भने निजको स्थानमा

६०२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाँकी रहन गएको पदावधिको निमित्त मात्र निर्वाचन वा मनोनयन हुन सक्नेछ ।

३९. अध्यक्षः (१) **श्री ५** का हजूरमा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट धारा २६ को उपधारा (१) मा प्रधान मन्त्रीका सम्बन्धमा निर्धारित निर्वाचनको तरीका अनुसार सिफारिश गरिएको व्यक्तिलाई मौसूफबाट राष्ट्रिय पञ्चायतको अध्यक्षको पदमा नियुक्त गरिबक्सनेछ ।

(२) राष्ट्रिय पञ्चायतको अध्यक्षको पदावधि पाँच वर्षको हुनेछ ।

(३) राष्ट्रिय पञ्चायतका अध्यक्षको पद देहायका अवस्थामा रिक्त हुनेछः–

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (२) अनुसार पदावधि समाप्त भएमा;

(घ) निजले आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्यसंख्याको साठी प्रतिशत बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा; वा

(ङ) **श्री ५** बाट हटाइबक्सेमा ।

(४) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा वा अस्वस्थता वा अरू कुनै कारणले राष्ट्रिय पञ्चायतको अध्यक्ष आफ्नो पदको काम गर्न असमर्थ भएमा **श्री ५** बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षलाई राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्न तोकिबक्सन सकिबक्सनेछ ।

(५) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र उपधारा (१) बमोजिम गरिनेछ ।

(६) राष्ट्रिय पञ्चायतको अध्यक्षको नियुक्ति नहुन्जेलसम्मको लागि राष्ट्रिय पञ्चायतको उपाध्यक्ष पनि नभएको

६६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवस्थामा **श्री ५** बाट तोकिबक्सेको राष्ट्रिय पञ्चायतको सदस्यले राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्नेछ ।

४०. **उपाध्यक्षः** (१) **श्री ५** का हजूरमा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट धारा २६ को उपधारा (१) मा प्रधान मन्त्रीका सम्बन्धमा निर्धारित निर्वाचनको तरीका अनुसार सिफारिश गरिएको व्यक्तिलाई मौसूफबाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदमा नियुक्त गरिबक्सनेछ ।

(२) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदावधि पाँच वर्षको हुनेछ ।

(३) राष्ट्रिय पञ्चायतको उपाध्यक्षले राष्ट्रिय पञ्चायतको अध्यक्षको अनुपस्थितिमा राष्ट्रिय पञ्चायतको सभापतित्व गर्नेछ । धारा ३९ को उपधारा (४) अनुसार तोकिएमा राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्नेछ ।

(४) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद देहायका अवस्थामा रिक्त हुनेछः–

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (२) अनुसार पदावधि समाप्त भएमा;

(घ) निजले आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्यसंख्याको साठी प्रतिशत बहुमतले पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा; वा

(ङ) **श्री ५** बाट हटाइबक्सेमा ।

(५) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र उपधारा (१) बमोजिम गरिनेछ ।

४१ ख. **पञ्चायत नीति तथा जाँचबुझ समितिः** (१) राष्ट्रिय पञ्चायतको अध्यक्षको अध्यक्षतामा एउटा पञ्चायत नीति तथा जाँचबुझ समिति रहनेछ ।

६६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सो समितिको गठन तथा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्वर्धनको लागि आवश्यक पर्ने सम्पूर्ण काम कारवाई गर्ने अधिकार तथा कार्यविधि आदि विषयमा **श्री ५** बाट स्वीकृत नियमावली बमोजिम हुनेछ । सो नियमावलीको पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन पाइने छैन ।

(३) **श्री ५** बाट पठाइबक्सेका संवैधानिक अंगका वार्षिक प्रतिवेदनमा धारा ४१ क. को उपधारा (१) बमोजिमको राष्ट्रिय पञ्चायतको सम्वन्धित समितिहरूले छलफल गरी गरेको निर्णयलाई पञ्चायत नीति तथा जाँचबुझ समितिले उपधारा (२) बमोजिमको नियमावलीमा व्यवस्था भए अनुसार सम्बन्धित निकायद्वारा कार्यान्वयन गराउनु पर्नेछ ।"

१०. **संविधानको धारा ४२, ५१ र ५७ मा संशोधनः** संविधानको धारा ४२ को उपधारा (१) मा रहेको "संविधान" भन्ने शब्दको सट्टा "धारा" भन्ने शब्द राखी धारा ५१ को उपधारा (१) मा "रहनेछ" भन्ने शब्दको पछाडिको "र" भन्ने शब्द झिकी पूर्ण विराम चिन्ह राखिएको छ र उपधारा (५) को वाक्यमा रहेको "अन्तर्गत" भन्ने शब्दको पछाडि "यो संविधान र राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही" भन्ने वाक्यांश र धारा ५७ को उपधारा (१) को शुरूमा "राष्ट्रिय पञ्चायत वा" भन्ने वाक्यांश थपिएको छ।

११. **संविधानको धारा ६१ मा संशोधनः** संविधानको धारा ६१ को सट्टा निम्नलिखित धारा ६१ राखिएको छः–

"६१. **संचित कोषमाथि व्ययभारः** (१) देहायका कुराहरू संचित कोषमाथि व्यय भार हुनेछन्ः–

(क) राजपरिवारको खर्चसम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम;

(ख) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरूः–

१. सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा अन्य न्यायाधीशहरू;

६६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. राजसभा स्थायी समितिका सभापति र सदस्यहरू;
३. अख्तियार दुरूपयोग निवारण आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरू;
४. महालेखा परीक्षक;
५. लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरू;
६. प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू; र
७. महान्यायाधिवक्ता ।

(ग) सर्वोच्च अदालत, राजसभा, अख्तियार दुरूपयोग निवारण आयोग, महालेखा परीक्षकको विभाग, लोक सेवा आयोग, निर्वाचन आयोग र महान्यायाधिवक्ताको कार्यालयसम्बन्धी प्रशासनिक व्ययहरू;

(घ) श्री ५ को सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार;

(ङ) श्री ५ को सरकार विरूद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम; र

(च) कानूनले संचित कोषमाथि व्ययभार हुने भनी निधो गरेको रकम ।"

१२. **संविधानको धारा ६२ मा संशोधनः** संविधानको धारा ६२ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) विनियोजन ऐन अनुसार व्यय हुने चाहिंदा रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

तर–

(क) राष्ट्रिय पञ्चायतमा राजस्व र व्ययको वार्षिक अनुमान-माथि छलफल हुँदा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालय-लाई छुटचाई सुम्पिएको खर्चको जिम्मेवारी र सो खर्च अनुसारको लक्ष्य हासिल भयो भएन त्यसको विवरण सम्बन्धित मन्त्री वा निजको तर्फबाट अन्य कुनै मन्त्रीले राष्ट्रिय पञ्चायतमा पेश गर्नु पर्नेछ ।

(ख) वार्षिक अनुमानमा राष्ट्रिय पञ्चायतमा भएको छल'

६८६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फलको सिलसिलामा प्रस्तुत भएको समाधानको सुझाव-मध्ये मन्त्रिपरिषद्ले उचित देखेका सुझावलाई सकेसम्म आवश्यकता अनुसार वार्षिक अनुमान तथा वार्षिक विनियोजन विधेयकमा तदनुकूल मिलाई समावेश गर्न सक्नेछ ।"

१३. **संविधानको धारा ६७क. मा संशोधनः** संविधानको धारा ६७क. को उपधारा (१) मा उल्लिखित वर्गीय संगठन तथा सोही धाराको उपधारा (२) र (३) को सट्टा निम्नलिखित वर्गीय संगठन तथा उपधारा (२) र (३) राखिएको छः–

"(क) नेपाल महिला संगठन;
(ख) नेपाल किसान संगठन;
(ग) नेपाल युवक संगठन;
(घ) नेपाल प्रौढ संगठन;
(ङ) नेपाल मजदूर संगठन; र
(च) नेपाल भूतपूर्व सैनिक संगठन ।"

"(२) यो धारा प्रारम्भ भएपछि हुने पञ्चायतको कुनै पनि तहको निर्वाचनका निमित्त उम्मेदवार हुने व्यक्ति उपधारा (१) बमोजिमको कुनै वर्गीय संगठनको सदस्य रहन अनिवार्य हुनेछ ।

(३) उपधारा (१) बमोजिम वर्गीय संगठनको स्थापना गाउँ वा नगर, जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा समेत संगठन रहने गरी तिनीहरूको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ ।"

१४. **संविधानको धारा ७५ मा संशोधनः** संविधानको धारा ७५ को उपधारा (२) मा रहेको पहिलो वाक्यको सट्टा "महालेखा परीक्षक नियुक्त भएको मितिले छ वर्षसम्म आफ्नो पदमा बहाल रहनेछन्" भन्ने वाक्य राखी सोही धाराको उपधारा (३) मा रहेको "पदावधि" भन्ने शब्द र अर्ध विराम चिन्ह झिकी सोही धाराको उपधारा (४) मा रहेको "व्यक्ति" भन्ने शब्द पछि "**श्री ५ बाट नियुक्त गरिबक्सने पदमा बाहेक अन्य**" भन्ने शब्दहरू थपिएको छ ।

६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. **संविधानको धारा ७६ मा संशोधनः** संविधानको धारा ७६ को उपधारा (१) र (२) को सट्टा निम्नलिखित उपधारा (१) र (२) राखिएको छः–

"(१) सर्वोच्च अदालत, राष्ट्रिय पञ्चायत, राजसभा, अख्तियार दुरूपयोग निवारण आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ता तथा अन्य संवैधानिक अङ्गका कार्यालय र सबै सरकारी कार्यालय, अदालत एवं श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा कानूनद्वारा निर्धारित तरीका बमोजिम महालेखा परीक्षकबाट नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत बिचार गरी लेखा परीक्षण हुनेछ । महालेखा परीक्षक र निजका सहायकहरूलाई त्यस्तो लेखासम्बन्धी सबै कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ ।

(२) उपधारा (१) अनुसार महालेखा परीक्षकले लेखा परीक्षण गर्ने लेखा, सम्बन्धित कानूनका अधीनमा रही तोकिएको ढाँचामा राखिनेछ। त्यसरी ढाँचा नतोकिएसम्म साविक बमोजिमको ढाँचा नै कायम रहनेछ।"

१६. **संविधानको धारा ७७ र ७८ मा संशोधनः** संविधानको धारा ७७ को उपधारा (७) मा "व्यक्ति" भन्ने शब्दपछि "श्री ५ बाट नियुक्त गरिबक्सने पदमा बाहेक अन्य" भन्ने शब्दहरू थपी धारा ७८ को उपधारा (४) मा रहेको "आदेशद्वारा" भन्ने शब्द झिकिएको छ ।

१७. **संविधानको धारा ७८ क. मा संशोधनः** संविधानको धारा ७८ क. को उपधारा (६) मा "पदावधि" भन्ने शब्दपछि "६ वर्षको हुनेछ र निजहरूको" भन्ने शब्दहरू थपिएको छ ।

१८. **संविधानको धारा ७९ र ८० मा संशोधनः** संविधानको धारा ७९ को उपधारा (३) को सट्टा निम्नलिखित उपधारा (३) र (४) राखी धारा ८० को पहिलो वाक्यपछि "उक्त काम गर्दा महान्यायाधिवक्तालाई अधिराज्यको सबै अदालतमा उपस्थित हुने अधिकार हुनेछ" भन्ने वाक्यहरू थपिएको छः–

६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) महान्यायाधिवक्ता नियुक्त भएको मितिले ६ वर्षसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

तर देहायको अवस्थामा निज आफ्नो पदबाट मुक्त हुनेछन्ः–

(क) **श्री ५** का समक्ष पेश गरिएको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा; वा

(ख) **श्री ५** बाट हटाइबक्सेमा ।

(४) महान्यायाधिवक्ताको पारिश्रमिक र सेवाका अन्य शर्त कानूनद्वारा निर्धारित हुनेछ । त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।"

१९. **संविधानको भाग १५ मा संशोधनः** संविधानको भाग १५ को मूल शीर्षकको शुरूमा "विशेष परिस्थिति तथा" भन्ने शब्दहरू थपी धारा ८१ को उपधारा (१) को खण्ड (ख) मा रहेको "अधिकारीमा" भन्ने शब्दको सट्टा "पदाधिकारीमा" भन्ने शब्द राखी सोही धाराको उपधारा (२) मा रहेको "निर्देशक" भन्ने शब्दपछि "समिति तत्काल कायम रहेछ भने सो" भन्ने शब्दहरू थपी सो धारा ८१ लाई ८१ क. गरी निम्नलिखित धारा ८१ राखिएको छः–

"८१. **विशेष परिस्थितिमा मन्त्रिपरिषद्को गठनः** (१) यो संविधानको अन्य धारामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधान मन्त्रीको राजीनामा स्वीकृत भएमा वा निज आफ्नो पदमा छँदै मृत्यु भएमा वा अन्य कुनै कारणले निजको पद रिक्त हुन आएको अवस्थामा तत्काल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको अवस्था परेमा **श्री ५** बाट मन्त्रिपरिषद्को कार्य सञ्चालनको लागि आवश्यकता अनुसार मौसूफबाट उपयुक्त सम्झिबक्सेको आवश्यक व्यवस्था गरिबक्सन सकिबक्सनेछ । तर त्यस्तो व्यवस्था तीन महीनाभन्दा बढी रहने छैन ।

(२) उपधारा (१) मा उल्लेख नगरिएका अरू नै कारणवश तत्काल विशेष परिस्थिति उत्पन्न भएको छ भन्ने कुरामा **श्री ५** बाट चाहिबक्सेमा राष्ट्रिय पञ्चायतको निर्देशक समिति तत्काल कायम

६६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रहेछ भने सो समितिका सदस्यहरू र राजसभा स्थायी समितिका सदस्यहरूसँग परामर्श गरिबक्सी मौसूफ सन्तुष्ट होइबक्सेमा मौसूफबाट आदेश जारी गरिबक्सी देहायका कुराहरू गरिबक्सन सकिबक्सनेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशित हुनेछः–

(क) धारा २५, २६, २६ क., २७, २८ र २९ मात्र निलम्वन गरिबक्सन वा आवश्यकतानुसार धारा २५, २६, २६ क., २७, २८ र २९ लाई निलम्वन गरी राष्ट्रिय पञ्चायत समेतलाई विघटन गरिबक्सन र पुनः अर्को निर्वाचन गराई बक्सन समेत सकिबक्सनेछ । सो गर्न चाहिने व्यवस्थाका लागि यो धारा बाहेक यो संविधानका अन्य कुनै आवश्यक धारा वा सो धाराका कुनै कुरा निलम्वन गरिबक्सन सकिबक्सनेछ ।

(ख) खण्ड (क) अनुसार निलम्वित वा विघटन भएको निकाय वा पदाधिकारीमा निहीत वा तीद्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसूफबाट ग्रहण गरिबक्सन सकिबक्सनेछ वा मौसूफबाट तोकि बक्से बमोजिम हुनेछ ।

(३) उपधारा (२) बमोजिमको आदेश लागू रहेसम्म मौसूफबाट देहाय बमोजिमको व्यवस्था गरिबक्सन सकिबक्सनेछः–

(क) **श्री ५** बाट चाहिबक्सेमा राजसभा स्थायी समितिसँग परामर्श गरिबक्सी मन्त्रिपरिषद्‌बाट गरिने कामकारवाही मौसूफबाट तोकिबक्से बमोजिम संचालन गरिबक्सने व्यवस्था; र

(ख) **श्री ५** बाट चाहिबक्सेमा आवश्यकता अनुसार प्रधान मन्त्री, उपप्रधान मन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री नियुक्त गरिबक्सने व्यवस्था ।

(४) उपधारा (३) बमोजिम नियुक्त व्यक्तिहरूको अवस्था देहाय बमोजिम हुनेछः–

(क) आफूलाई सुम्पिएको विभागीय कार्यभार वा कामको लागि **श्री ५** प्रति उत्तरदायी हुनेछन्;

६५० 

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) **श्री ५** को इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन्;

(ग) राष्ट्रिय पञ्चायत विघटन नभएको अवस्थामा राष्ट्रिय पञ्चायत र सो अन्तर्गतका समितिहरूमा उपस्थित हुन र कामकारवाहीमा भागलिन सक्ने छन्। तर राष्ट्रिय पञ्चायतको सदस्य रहेनछन् भने मत दिन पाउने छैनन्; र

(घ) **श्री ५** बाट तोकिबक्से बमोजिम पारिश्रमिक पाउनेछन्।

(५) उपधारा (२) अनुसारको विशेष परिस्थिति विद्यमान् छैन भनी **श्री ५** सन्तुष्ट होइबक्सेमा मौसूफबाट अर्को आदेशद्वारा उपधारा (२) अनुसार जारी गरिबक्सेको आदेश खारेज गरिबक्सन सकिबक्सनेछ।"

२०. **संविधानको धारा ८२ मा संशोधन तथा धारा ८६घ. थपः** संविधानको धारा ८२ को उपधारा (३) को खण्ड (ख) मा रहेको "निर्देशक" भन्ने शब्दपछि "समिति तत्काल कायम रहेछ भने सो" भन्ने शब्दहरू थपी धारा ८६ ग. पछि निम्नलिखित धारा ८६घ. थपिएको छः–

"८६घ. **वार्षिक प्रतिवेदनः** यो संविधानको अन्य धारा तथा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रिपरिषद् बाहेक अन्य संवैधानिक सबै अङ्गहरूले प्रत्येक वर्ष आ-आफ्नो निकायको वार्षिक प्रतिवेदन साधारणतः ज्येष्ठ महीनाभित्र **श्री ५** का हजूरमा चढाउनु पर्नेछ।"

२१. **संविधानको भाग १०ख. र धारा ७८ग. को खारेजीः** संविधानको भाग १० ख. र धारा ७८ ग. लाई खारेज गरिएको छ।

लालमोहर सदर मितिः– २०३७।६।१।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

**श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।